नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
मानवश्रोत एवं प्रशासन विभाग
(आर्थिक प्रशासन महाशाखा)

फोन :- ०१-४४११७०५, ०१-४४१००८८, ०१-४४११६५८, ०१-४४११२१०
फयाक्स : ०१-४४१५५९४
phqaapradivision@nepalpolice.gov.np
पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :
प्रा.प.सं. :
च.नं. :- १०२
मिति : ०७६।०८।०९ गते

विषय : सेवा सुबिधा सम्बन्धमा ।

श्री बजेट संचालन गर्ने कार्यालय (सबै) ।

प्रस्तुत बिषयमा प्रहरी नियमावलीमा उल्लेखित भएको सेवा सुबिधाको साथसाथै प्रहरी कर्मचारीहरुलाई कर्मचारी संचयकोष, नागरिक लगानी कोष, राष्ट्रिय वीमा संस्थान र राष्ट्रिय बाणिज्य बैंकबाट पाउने सेवा सुबिधाहरूको बारेमा समेत थप जानकारी गराउनु पर्ने भएकोले तहाँ कार्यालयहरुले आ-आफ्नो मातहतका प्रहरी कर्मचारीहरुलाई कर्मचारी संचयकोष, नागरिक लगानी कोष, राष्ट्रिय वीमा संस्थान र राष्ट्रिय बाणिज्य बैंकबाट पाउने निम्नानुसारको सेवा सुबिधाहरूको बारेमा जानकारी गर्नु/गराउन हुन अनुरोध गरिएको छ ।

साथै प्रहरी प्रधान कार्यालय सबै बिभाग, निर्देशनालय, ब्यूरो, महाशाखा, शाखा, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रहरी अस्पताल, महानगरीय प्रहरी कार्यालय रानीपोखरी र सबै प्रदेश प्रहरी कार्यालयहरुले समेत उल्लेखित ब्यहोरा आ-आफ्नो मातहतलाई जानकारी गर्न / गराउन हुन अनुरोध गरिएको छ ।

निम्न:

| | | |
|---|---|---|
| १ | कर्मचारी संचयकोषबाट पाउने सेवा सुबिधाहरू: | • सामाजिक सुरक्षा अन्तर्गत संचयकर्ताको दुर्घटनाका कारणबाट मृत्युमा वहालवाला प्रहरी कर्मचारीको हकदारले रु. २ लाखसम्म पाउने र वहालवाला प्रहरी कर्मचारी पूर्णत शारीरिक अंगभंग भएमा रु. १० हजार देखि २५ हजारसम्म पाउने ।<br>• सामाजिक सुरक्षा अन्तर्गत संचयकर्ताको कालगतिले मृत्यु भएमा वहालवाला प्रहरी कर्मचारीको हकदारले दर्जागत अनुसार रु. ४० हजार, ५० हजार र ७५ हजारसम्म राहत पाउने ।<br>• संचयकर्ताको मृत्युमा हकवालले कृया खर्च बापत रु. ४० हजार पाउने ।<br>• संचयकर्तालाई उपचार बापत सरकारी अस्पतालमा उपचार गराउदा लागेको खर्च मध्ये रु. १ लाख सम्मको खर्च पाउने ।<br>• संचयकर्तालाई घातक रोगको उपचार गराउदा लागेको खर्च मध्ये रु. १० लाख सम्म मेडिकल बोर्डको सिफारिसमा राष्ट्रिय वीमा संस्थान मार्फत खर्च उपलब्ध हुने । |